# नवीकरणीय ऊर्जा प्रविधि जडानमा उपलब्ध हुने अनुदान
## संक्षिप्त जानकारी

नेपाल सरकारले नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनको लागि यस्ता प्रविधिहरुमा जडान गरिएको प्रणालीको क्षमता, जडान गरिएको क्षेत्र, लाभान्वित घरधुरी आदिको आधारमा तोकिएका क्षेत्रमा अनुदान उपलव्ध गराउदै आईरहेको छ। हाल कार्यान्वयनमा रहेको नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ मा नवीकरणीय ऊर्जा प्रविधिहरुमा देहाय वमोजिमको अनुदान रकम उपलव्ध गराइने नीति रहेको छ :

### १. लघु तथा साना जलविद्युत

*(राष्ट्रिय प्रसारण लाईनवाट विद्युत सेवा नपुगेका क्षेत्रमा निर्माण हुने १००० किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत् आयोजना)*

#### १.१ सामुदायिक, सहकारी, निजी, सार्वजनिक निजी साझेदारी स्वामित्वमा आधारित लघु तथा साना जलविद्युत (१०-१००० कि.वा.)

| अनुदान वर्गीकरण | १०-१००० किलोवाटको लागी अनुदान रकम (रु.मा) | | | | |
|---|---|---|---|---|---|
| | हुम्ला, डोल्पा र मुगु जिल्लाहरु | "क"वर्गका हुम्ला, डोल्पा र मुगु जिल्ला वाहेकका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र | कैफियत |
| **(अ) आयोजनामा आधारित अनुदान** | | | | | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३५,००० | ३२,००० | ३०,००० | २८,००० | तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम् अनुदान रकम हुम्ला, डोल्पा र मुगु, "क" वर्गका अन्य क्षेत्र, "ख" र "ग" वर्गका क्षेत्रहरुमा क्रमश: रु. ३,८२,०००; रु. २,८५,०००, २,६०,००० र रु. २,४०,००० भन्दा बढी हुने छैन। |
| उत्पादन– उपकरण (प्रति कि.वा.) | १,२५,००० | ९५,००० | ८५,००० | ८०,००० | |
| उत्पादन–सिभिल संरचना (प्रति कि.वा.) | ८०,००० | ३०,००० | २५,००० | २०,००० | |
| **(आ) ऊर्जा खपतमा आधारित अनुदान** | ५५% | ५०% | ४५% | ४०% | |
| लघु तथा साना जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युतलाई विशेष गरी पर्यटन, खनिज पदार्थको अन्वेषण, मार्बल कटाई, ढुंगा कटाई, सिमेन्ट उत्पादन, सिंचाई, पम्पिङ्ग तथा ठूला स्तरका कृषि प्रशोधन जस्ता उत्पादन मूलक क्षेत्रहरुमा खनिज ऊर्जालाई प्रतिस्थापन गर्ने प्रयोजनका लागि माथि उल्लेखित उत्पादन उपकरण अनुदान उपलब्ध गराइनेछ। | | | | | |

#### १.२ दश किलोवाट क्षमता सम्मका लघु जलविद्युत

| अनुदान बर्गीकरण | क्षमता | अनुदान रकम (रु.मा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र | |
| वितरण प्रणाली (प्रति घरधुरी) | १० कि.वा.सम्म | ११,५०० | १०,५०० | १०,००० | तर ५ किलोवाट भन्दा कम क्षमताका आयोजनामा उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाट अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमश: रु. १,८५,०००, रु. १,६५,००० र रु. १,५०,००० भन्दा बढी हुने छैन। त्यस्तै ५ देखि १० किलोवाट सम्मका आयोजनामा प्रति उत्पादित किलोवाटको लागि "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमश: रु. २,१०,०००, रु. १९०,००० र रु. १,७५,००० भन्दा बढी हुने छैन। |
| उत्पादन प्रणाली (प्रति किलोवाट) | ५ कि.वा भन्दा कम | ७०,००० | ६०,००० | ५०,००० | |
| | ५-१० कि.वा सम्म | ९५,००० | ८५,००० | ७५,००० | |
| आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले यो नीति स्विकृत भएको मिति सम्म सम्पन्न हुन नसकेका दुर्गम क्षेत्रका लघु जलविद्युत आयोजनाहरुलाई आयोजना सम्पन्न गर्न थप अनुदान समेत गरी एक पटकको लागि मात्र बढीमा लागतको ८० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ। | | | | | |

#### १.३ सुधारिएको पानीघट्ट

| अनुदान बर्गीकरण | कुटानी, पिसानी कार्यको लागि | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| पिसानी | १८,००० | १६,००० | १४,००० |
| कुटानी तथा पिसानी | ३८,००० | ३६,००० | ३४,००० |

| अनुदान बर्गीकरण | ५ किलोवाट सम्म विद्युत उत्पादन गर्न | | | कैफियत |
|---|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ११,५०० | १०,५०० | १०,००० | ५ किलोवाट सम्म बिद्युत उत्पादन गर्ने आयोजनाको हकमा बिद्युत उत्पादन र वितरणमा प्रति किलोवाट अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमश: रु. १,०७,५००, रु. ८२,५०० र रु. ७०,००० भन्दा वढि हुने छैन। |
| उत्पादन उपकरण (प्रति कि.वा.) | ५०,००० | ३०,००० | २०,००० | |

## २. सौर्य ऊर्जा (राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा नपुगेका क्षेत्र)

### २.१ सौर्य घरेलु विद्युत प्रणाली

| सौर्य प्रणाली क्षमता | प्रति घरधुरी प्रति प्रणाली अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| १०-२० वाट पिक क्षमता | ५,००० | ४,८०० | ४,५०० |
| ५० वाट पिक वा बढी | १०,००० | ९,००० | ८,००० |

### २.२ सौर्य मिनि ग्रीड (राष्ट्रिय प्रसारण लाइन वा अन्य स्रोतबाट विद्युत सेवा नपुगेका क्षेत्र)

| अनुदान बर्गीकरण | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| **(अ) आयोजनामा आधारित अनुदान** | | | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० |
| उत्पादन प्रणाली–उपकरणका लागि (प्रति कि.वा.) | १,७५,००० | १,६५,००० | १,५०,००० |
| **(आ) ऊर्जा खपतमा आधारित अनुदान** | ६०% | ६०% | ६०% |
| तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा लागतको अधिकतम ६० प्रतिशतमा नवढ्ने गरी क्रमश: रु. ४,९५,०००; रु. ४,६५,००० र रु. ४,३०,००० भन्दा बढी हुने छैन । वितरण प्रणालीका लागि अनुदान प्रति किलोवाट अधिकतम १० घरधुरीलाई उपलब्ध गराइनेछ । | | | |

**अन्य क्षेत्रमा अनुदान**

**सार्वजनिक संस्थाहरु** विशेषगरी ग्रामीण क्षेत्रका पाठशालामा कम्प्युटर एवं अन्य विद्युतीय उपकरण सञ्चालन गर्न, स्वास्थ्य केन्द्र तथा सरकारी वा सामुदायिक अस्पतालहरुमा भ्याकसिन रेफ्रिजेरेटर एवं अन्य विद्युतीय उपकरण संचालन गर्न र बत्ती बाल्न सौर्य विद्युत प्रणालीको जडानमा रु. ५,००,००० भन्दा बढी नहुने गरी कूल आयोजनाको लागतको ६५ प्रतिशत सम्म, समुदायले वा निजी क्षेत्रले व्यवस्थापन गर्ने **खानेपानीको लागि सौर्य पम्पिङ्ग प्रणाली**मा कूल लागतमा रु.१५,००,००० नबढ्ने गरी ६० प्रतिशत सम्म र समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने **कृषियोग्य जमीनमा सिंचाई संचालन गर्न सौर्य पम्पिङ्ग प्रणाली**मा कूल लागतमा रु. २०,००,००० नबढ्ने गरी ६० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

### २.३ सौर्य ऊर्जा (राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा पुगेका तर विद्युत आपूर्ति नियमित नभएका क्षेत्र)

| प्रकार/जडान हुने स्थान | अनुदान |
|---|---|
| सौर्य सडक वत्ती | महानगर तथा उप–महानगरपालिकाको लागि रु. ८०,००,००० भन्दा वढी नहुने गरी कूल लागतको ४० प्रतिशत सम्म, नगरपालिकाका लागि रु. ६०,००,००० भन्दा वढी नहुने गरी कूल लागतको ६० प्रतिशत सम्म र नगरोन्मुख गा.वि.स.का लागि रु. ४०,००,००० भन्दा वढी नहुने गरी कूल लागतको ७० प्रतिशत सम्म उपलब्ध गराइनेछ । |
| धार्मिक तथा आध्यात्मिक स्थलहरु | २० वाट सम्मका सौर्य प्रणालीको लागि रु. ९,००० भन्दा वढी नहुने गरी कूल लागतको ८० प्रतिशत सम्म र ५० वाट भन्दा माथिको सौर्य प्रणालीमा रु. २०,००० भन्दा वढी नहुने गरी कूल लागतको ७० प्रतिशत सम्म उपलब्ध गराइनेछ । |
| प्रयोग भइरहेका इन्भर्टर, ब्याट्री प्रणालीहरुलाई सौर्य ऊर्जाबाट चार्ज गर्न वा नयाँ सौर्य ऊर्जा प्रणाली जडान गर्न २०० वाट पिक वा सो भन्दा वढि क्षमताको सौर्य ऊर्जामा प्रति प्रणाली प्रति परिवार रु. २०,००० उपलब्ध गराइनेछ । | |
| व्यावसायिक प्रयोजनका लागि १५०० वाट पिक क्षमता भन्दा बढी र घरायसी प्रयोजनका लागि ५०० वाट पिक क्षमता भन्दा बढीका सौर्य ऊर्जा प्रणाली जडानका लागि ५ बर्षे मासिक किस्तामा बैंक ऋण लिँदा व्यावसायिक प्रयोजनको लागि व्याजको ५० प्रतिशत रकम र घरायसी प्रयोजनको लागि व्याजको ७५ प्रतिशत रकम अनुदान स्वरुप बैंक मार्फत उपलब्ध गराइनेछ । | |
| सार्वजनिक शिक्षण संस्था, सार्वजनिक स्वास्थ्य केन्द्र र सामुदायिक अस्पतालहरुमा सौर्य ऊर्जा प्रणाली जडान गर्न रु. ५,००,००० भन्दा वढी नहुने गरी कूल लागतको ६० प्रतिशत सम्म उपलब्ध गराइनेछ । | |

### २.४ सौर्य तापीय प्रणाली

| प्रविधि | अनुदान रकम (रु. मा) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| घरायसी कुकर | कूल मुल्यको ६० प्रतिशत वा रु. १५,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १२,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ४० प्रतिशत वा रु. १०,००० मध्ये जुन कम हुन्छ । |
| संस्थागत कुकर (सार्वजनिक संस्थाहरु/अस्पतालहरु, सैनिक एवं प्रहरी ब्यारेक, विद्यालय, वृद्धाश्रम/आश्रम) | कूल मुल्यको ७५ प्रतिशत वा रु. १०,००,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. ५,००,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. ४,००,००० मध्ये जुन कम हुन्छ । |
| ड्रायर (३-२० वर्ग फिट) | कूल मुल्यको ६० प्रतिशत वा रु. २२,५०० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १८,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ४० प्रतिशत वा रु १५,००० मध्ये जुन कम हुन्छ । |
| ड्रायर (२१-८५ वर्ग फिट) | कूल मुल्यको ७५ प्रतिशत वा रु.१,५०,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. १,५०,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १,००,००० मध्ये जुन कम हुन्छ । |
| ड्रायर (८५ वर्ग फिटभन्दा ठूलो) | कूल मुल्यको ७५ प्रतिशत वा रु.२,२५,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. १,८०,००० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १,५०,००० मध्ये जुन कम हुन्छ । |

## ३. बायोग्यास

### ३.१ घरायसी बायोग्यास प्लान्ट

| क्षेत्र | अनुदान रकम (रु.मा प्रति प्लान्ट प्रति घरधुरी) | | |
|---|---|---|---|
| | २ घनमिटर | ४ घनमिटर | ६ घनमिटर वा सो भन्दा बढि |
| हिमाली क्षेत्रका जिल्लाहरु | २५,००० | ३०,००० | ३५,००० |
| पहाडी क्षेत्रका जिल्लाहरु | २०,००० | २५,००० | ३०,००० |
| तराई क्षेत्रका जिल्लाहरु | १६,००० | २०,००० | २४,००० |
| तर ६ घनमिटर भन्दा माथिको घरायसी बायोग्यास प्लान्टको अनुदान रकम यो दरमा आ. व. २०७४/७५ देखि तीन वर्ष सम्म प्रत्येक आ.व. मा वार्षिक ५ प्रतिशतले घट्नेछ। | | | |

भान्छाबाट निस्कने फोहर तथा अन्य घरायसी जैविक वस्तुहरु अधिकतम प्रयोग गरी वातावरण सुधार गर्ने तथा आयातित इन्धनलाई प्रतिस्थापन गर्न निर्धारित डिजाइनको ४ घनमिटर वा सो भन्दा कम क्षमताका बायोग्यास प्लान्टहरुका लागि प्रति घरधुरी अधिकतम रु. १०,००० भन्दा बढी नहुनेगरी कूल लागतको अधिकतम ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ।

### ३.२ फोहोरवाट ऊर्जामा आधारित बायोग्यास

| बायोग्यास प्लान्ट | अनुदान रकम (रु.मा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तापीय प्रयोगका लागि प्रति घनमिटर बायोग्यास | | | | | | प्रति कि.वा. विद्युत उत्पादनका लागि थप अनुदान |
| | तराई | | | पहाड | | | |
| | सानो | मध्यम | ठूलो | सानो | मध्यम | ठूलो | |
| व्यावसायिक बायोग्यास प्लान्ट | २०,००० | २५,००० | ३०,००० | २४,००० | ३०,००० | ३६,००० | ६५,००० |
| सार्वजनिक निकायमा निर्माण गरिने बायोग्यास प्लान्ट | ५७,००० | | | ६८,००० | | | १,८५,००० |
| सामुदायिक बायोग्यास प्लान्ट | ४५,००० | | | ५४,००० | | | १,५०,००० |
| नगरपालिकाबाट निस्कने फोहरबाट बायोग्यास ऊर्जा प्रणाली निर्माण गर्दा | रु. २,००,००० मा नबढ्ने गरी कूल लागतको ४० प्रतिशत सम्म। | | | रु. २,४०,००० मा नबढने गरी कूल लागतको ४० प्रतिशत सम्म। | | | रु. ४,००,००० लाखमा नबढने गरी कूल विद्युतीकरण लागतको ४० प्रतिशत सम्म। |
| यहाँ, १२.५ देखि ३५ घनमिटर सम्मको प्लान्टलाई सानो, ३५ देखि १०० घनमिटर सम्मको प्लान्टलाई मध्यम र १०० घनमिटर भन्दा वढी क्षमताको प्लान्टलाई ठुला बायोग्यास प्लान्ट भनी परिभाषित गरिएको छ। | | | | | | | |

## ४ जैविक ऊर्जा

| प्रकार | अनुदान रकम (रु. मा) | |
|---|---|---|
| एक वा दुई मुखे फलामे सुधारिएको चुल्हो | प्रति घरधुरी अधिकतम रु. ३,००० | समुद्र सतहबाट १५०० मिटर भन्दा बढी उचाई भएको क्षेत्रमा यो अनुदान उपलब्ध गराइनेछ। "क" र "ख" वर्गका क्षेत्रका लागि प्रति चुल्हो प्रति घरधुरी क्रमशः रु. १,००० र रु.५०० थप अनुदान उपलब्ध गराइनेछ। |
| तीन मुखे फलामे सुधारिएको चुल्होलाई प्रति चुल्हो | प्रति घरधुरी अधिकतम रु. ४,००० भन्दा वढि नहुने गरी ५० प्रतिशत सम्म। | |
| सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ्य केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथाश्रमहरुको संस्थागत सुधारिएको चुल्हो | | प्रति चुल्हो अधिकतम रु. २०,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशतसम्म। |
| ग्रामीण तथा अर्ध सहरी क्षेत्रमा एकमुखे वा दुईमुखे पूर्णरुपमा वा आंशिक रुपमा फलामे रकेट चुल्हो | | अधिकतम् रु. ३,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशतसम्म। |
| ग्रामीण तथा अर्ध सहरी क्षेत्रमा एक मुखे वा दुई मुखे पूर्ण रुपमा वा आंशिक रुपमा फलामे ग्यासिफायर प्रणालीका घरेलु चुल्हो | | अधिकतम रु. ४,००० भन्दा बढी नहुने गरी कूल मूल्यको ५० प्रतिशतसम्म। |
| ग्यासिफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरी लघु, साना र मझौला उद्यमहरुमा कृषिजन्य वस्तुको प्रशोधनको लागि | | अधिकतम रु. १,५०,००० भन्दा बढी नहुने गरी कूल मूल्यको ५० प्रतिशतसम्म। |

### जैविक ऊर्जा स्रोतबाट विद्युतीकरण गर्ने विद्युतीय आयोजनाहरु (विद्युत सेवा नपुगेका क्षेत्रमा)

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.मा) ५ किलोवाट भन्दा माथि १०० किलोवाट सम्म क्षमताको लागि | | | |
|---|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र | कैफियत |
| **(अ) आयोजनामा आधारित अनुदान** | | | | तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. ४,४५,०००; रु. ४,१०,००० र रु. ३,८०,००० भन्दा बढी हुने छैन। |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० | |
| उत्पादन प्रणालीका लागि (प्रति किवा) | १,२५,००० | १,१०,००० | १,००,००० | |
| **(आ) ऊर्जा खपतमा आधारित अनुदान** | ५०% | ५०% | ५०% | |

### ५. वायु ऊर्जा (विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा १०० किलोवाटसम्म विद्युत उत्पादन गर्न)

| अनुदान वर्गीकरण | अनुदान रकम (रु. मा) | | | कैफियत |
|---|---|---|---|---|
| | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० | उत्पादन र वितरणमा प्रति किलोवाट अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु.४,९५,०००, रु.४,६५,००० र रु.४,३०,००० भन्दा बढी हुने छैन । |
| उत्पादन प्रणाली (प्रति कि.वा.) | १,७५,००० | १,६५,००० | १,५०,००० | |

### ६. सौर्य-वायु ऊर्जाको मिश्रित प्रणाली (विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा ५-१०० कि.वा. सम्मका लागि)

| अनुदान वर्गीकरण | अनुदान रकम (रु. मा) | | | कैफियत |
|---|---|---|---|---|
| | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० | तर उत्पादन र वितरणमा प्रति किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. ४,९५,०००; रु. ४,६५,००० र रु. ४,३०,००० भन्दा बढी हुने छैन । |
| उत्पादन प्रणाली अनुदान (प्रति कि.वा.) | १,७५,००० | १,६५,००० | १,५०,००० | |

### ७. उत्पादनमुलक ऊर्जा प्रयोग (नवीकरणीय ऊर्जामा आधारित उद्योग एवं व्यवसाय संचालनमा)

| | |
|---|---|
| नवीकरणीय ऊर्जामा आधारित लघु उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा | रु. १,००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ४० प्रतिशतसम्म । |
| नवीकरणीय ऊर्जामा आधारित साना तथा मझौला उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा | रु. ३,००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ३० प्रतिशत सम्म |
| स्थापित सामुदायिक विद्युतीकरणका आयोजनाहरुलाई व्यवसायको रुपमा सञ्चालन गर्ने सन्दर्भमा आवश्यक पर्ने उपकरण, हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा | रु. ३,००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ५० प्रतिशत सम्म |
| लघु जलविद्युतले ओगटेको स्थानमा पम्पिङ्गबाट सिंचाई गर्न आवश्यक पर्ने उपकरण तथा हार्डवेयरमा | कूल लागतको ६० प्रतिशतमा नवढने गरी रु. १०,००,००० सम्म |

यस अतिरिक्त नवीकरणीय ऊर्जाका प्रविधिहरुमा लक्षित लाभान्वित वर्ग जस्तै वालवालिका समेत पालनपोषण गर्नुपर्ने घरमुली महिला, भुकम्पबाट प्रभावित जिल्लाहरुका भुकम्प पिडित, नेपाल सरकारले पहिचान गरेका लोपोन्मुख आदिवासी जनजाति तथा दलित आदिको लागि थप अनुदानको व्यवस्था गरिएको छ । यो अनुदान नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ मा व्यवस्था भए अनुरुप परिचालन गरिनेछ । यस नीतिमा क, ख र ग वर्गका क्षे त्र भन्नाले नेपाल सरकारले तोकेका क्रमशः अति दुर्गम क्षेत्र, दुर्गम क्षेत्र र सुगम क्षेत्र भन्ने बुझ्नुपर्दछ । थप जानकारीको लागि यस केन्दमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

### ८. भुकम्प अति प्रभावित १४ जिल्लाको लागि विशेष अनुदान

| प्रविधि/प्रकार | अनुदान रकम (रु. मा) | |
|---|---|---|
| नयाँ निमार्ण हुने १०० किलोवाट सम्मका लघु जलविद्युत | कुल लागतको ८० प्रतिशतमा नवढ्ने गरी प्रति कि.वा. रु. ४,००,००० सम्म । | |
| सौर्य घरेलु विद्युत प्रणाली (प्रति घरधुरी) | २० वाटपिक | कुल लागतको ७५ प्रतिशतमा नवढ्ने गरी रु. ८,००० सम्म । |
| | २१–५० वाटपिक | कुल लागतको ७० प्रतिशतमा नवढ्ने गरी रु. १०,००० सम्म । |
| खानेपानीको लागि सौर्य पम्पिङ्ग | नियमित अनुदानमा थप २० प्रतिशत । | |
| घरायसी बायोग्यास | पहाडी क्षेत्रमा ४ घनमीटरको प्लान्टलाई कुल लागतको ७० प्रतिशतमा नवढ्ने गरी रु. ४०,००० सम्म र ६ घनमीटरको प्लान्टलाई ७० प्रतिशतमा नवढ्ने गरी रु. ४५,००० सम्म । | |
| | तराई क्षेत्रमा ४ घनमीटरको प्लान्टलाई कुल लागतको ७० प्रतिशतमा नवढ्ने गरी रु. ३५,००० सम्म र ६ घनमीटरको प्लान्टलाई ७० प्रतिशतमा नवढ्ने गरी रु. ४०,००० सम्म । | |
| फलामे सुधारीएको चुलो | कुल लागतको ८० प्रतिशतमा नवढ्ने गरी रु. ८,००० सम्म । | |

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम**
खुमलटार, ललितपुर
फोन नं.: ०१-५५३९३९०, ५५३९३९१, ५५३९२३७, फ्याक्सः ०१-५५४२३९७
वेवसाईटः www.aepc.gov.np, ईमेलः info@aepc.gov.np

© AEPC/NRREP/CITU, 2017